
अध्यक्ष हेनरी बी आइरिङद्वारा
प्रथम अध्यक्षतामा पहिलो सल्लाहकार



# अनन्त सम्म रहिरहनुको प्रतिफल

म जवान हुँदा, मैले चर्चमा जिल्ला अध्यक्षको सल्लाहकार भएर सेवा गरेको थिएँ । उहाँले मलाई निरन्तर सिकाउने प्रयास गरिरहनु हुन्थ्यो । उहाँले एकपटक मलाई दिनुभएको उपदेश मलाई याद छः " जब तपाईं कसैलाई भेट्नुहुन्छ, उनीहरुलाई तिनीहरु गम्भीर समस्यामा भएको जस्तो गरी व्यवहार गर्नुहोस्, र तपाईं आधा भन्दा बढी समय सही हुनुहुनेछ ।" मैले त्यतिबेला सोचें कि उहाँ निराशावादी हुनुहुन्छ । अहिले, ५० वर्षभन्दा बढी पछाडि, उहाँले कति राम्ररी यो संसार र जीवनलाई बुभ्नुभएको रहेछ भनेर मैले देख्न सक्छु ।

हामी सबैले परीक्षाको सामना गर्नु पर्छ–बेलाबेलामा, अति कठीन परीक्षाहरु । हामीलाई थाहा छ कि परमप्रभुले हामीलाई परिचित र पूर्ण बन्नका लागि परीक्षाहरु दिनुहुन्छ ताकि हामी उहाँसँग सदाका लागि रहन सकौं ।

परमप्रभुले अगम्वक्ता जोसेफ स्मिथलाई लिबर्टी जेलमा सिकाउनुभयो कि उहाँका परीक्षाहरुमा राम्रोसँग टिकिरहनुको फल अनन्त जीवनका लागि योग्य हुन हो ।

"मेरा छोरा, तिम्रो आत्माले शान्ति पाओस्; तिम्रा दुःख र तिम्रा कष्टहरु छोटो समयका लागि मात्र रहनेछन्;

"र अनि, यदि तिमी अनन्तसम्म टिकिरहयौ भने, प्रभुले तिमीलाई उच्च स्थानमा राख्नुहुनेछ; तिमीले सबै शत्रुहरु माथि विजय प्राप्त गर्नेछौ" (सि र क १२१:७–८)

हाम्रो जीवनकालमा धेरै कुराहरू आउँछन जसले गर्दा राम्रोसँग सहन कठीन हुने जस्तो देखिन्छ । बालीहरूमा आधारित परिवारलाई पानी नपर्दा जस्तो लाग्छ यो त्यस्तै लाग्न सक्छ । उनीहरूले सोच्न सक्छन, "हामी कहिलेसम्म टिक्न सक्छौं?" फोहर र प्रलोभनको बढ्दै गरेको बाढीको प्रतिकार गर्दै गरेको युवालाई त्यस्तो लाग्न सक्छ । श्रीमती र परिवारलाई धान्न जागिरका लागि चाहिएको शिक्षा वा तालीम प्राप्त गर्न संघर्ष गरिरहेको एउटा युवालाई त्यस्तो लाग्न सक्छ । व्यवसायहरूले आफ्ना ढोका बन्द गरे पछि जागिर पछि जागिर गुमाएको वा जागिर नै नपाएको एउटा व्यक्तिलाई त्यस्तो लाग्न सक्छ । स्वास्थ्य र शारीरिक शक्ति गुमाउदै गएको, जुन अहिले वा जीवनको पछिल्लो समयमा उनीहरूमा वा उनीहरूका प्रियजनमा आउन सक्छ, तिनीहरूलाई त्यस्तो लाग्न सक्छ ।

तर मायालु परमेश्वरले हामीले सामना गर्न सक्छौं कि सक्दैनौ भनेर हेर्न मात्र हाम्रा अगाडि त्यस्ता चुनौतीहरू राख्नुभएको नभई हामीले राम्रोसँग सहन सकौं र निखारियौं भन्ने हेर्न हो ।

बाह्र प्रेरित गणका प्रेरितहरूमा नयाँ बोलावट भएका सदस्यका रुपमा रहँदा एल्डर पार्ले पि.प्रेट (१८०७–५७) प्रथम अध्यक्षताले सिकाउनुभयोः "तपाईं एउटा त्यस्तो कार्यमा सूचीकृत हुनुभएको छ जसमा तपाईंको सम्पूर्ण ध्यान आवशयक छ; ...निखारिएको किरण बन्न । ... पूर्ण रुपमा निखारिन तपाईंले कठीन परिश्रम, मेहनत र धेरै व्यवधानहरू सहनु पर्छ । ... तपाईंको स्वर्गमा रहनुहुने परमेश्वरको आवश्यकता हो; मैदान उहाँको हो; कार्य उहाँको हो; र उहाँले तपाईंलाई प्रोत्साहन र सहयोग गर्नुहुनेछ ।"[१]

हिब्रूको पुस्तकमा, राम्रोसँग अनन्तसम्म रहनुको प्रतिफलका बारेमा बताइएको छः " कुनै पनि अनुशासन अहिलेका लागि आनन्ददायी हुदैन तर दुःखदायी हुन्छः तैपनि त्यस पछि यसले अनुशासनलाई अपनाएकाहरूमा पवित्रताको शान्तिपूर्ण फल ल्याउँछ" (हिब्रू १२:११) ।

हाम्रा संघर्षहरू र कठीनाइहरूले हामीलाई सिक्न र अगाडि बढ्ने अवसर प्रदान गर्छन्, र यसले हाम्रो प्रकृति नै परिवर्तन गर्न सक्छ । यदि हामी अनन्तसम्म हाम्रा कठिनाइहरुमा मुक्तिदाता तर्फ फर्किछौं भने, हाम्रो आत्मा निखारिनेछ ।

त्यसैले, सम्भनु पर्ने पहिलो कुरा भनेको सधैं प्रार्थना गर्नु हो - आल्मा ३४:१९–२९)।

दोश्रो कुरा भनेको– हाम्रो वरिपरि जस्तोसुकै प्रतिरोध, प्रलोभन वा कोलाहल भए तापनि आज्ञाहरू पालना गर्न निरन्तर प्रयास गर्ने हो । (मोसाया ४:३०)।

तेश्रो महत्वपूर्ण कुरा भनेको परप्रभुको सेवा गर्नु हो (सि र क ४:२;२०:३१)

परमेश्वरको सेवामा, हामीले उहाँलाई चिन्न र माया गर्न थाल्छौं । यदि हामी प्रार्थना र आस्थापूर्ण सेवामा लागिरहयौं भने हामीले

हाम्रो जीवनमा मुक्तिदाताको हात र पवित्र आत्माको प्रभावलाई पहिचान गर्न थाल्दछौं। हामी मध्ये धेरैले केही समय त्यस्तो सेवा दिएकाछौं र आत्माले त्यो संगत महसुस गरेका छौं। यदि तपाईंले त्यो समयको याद गर्ने हो भने, तपाईंलाई याद हुनेछ कि तपाईंमा परिवर्तनहरू आएका थिए। नराम्रो गर्ने प्रलोभन कम हुदैं गयो। राम्रो गर्ने इच्छा बढ्यो। तपाईंलाई राम्रोसँग चिन्ने र माया गर्नेले भनेका होलान्: "तपाईं अझ दयालु र धेरै धैर्यवान् हुनुभएको छ। तपाईं उही व्यक्ति जस्ता देखिनुहुन्न।"

तपाईं यस्तो व्यक्ति हुनुहुन्नथ्यो। तपाईं येशू ख्रीष्टको प्रायश्चित्तका माध्यमबाट परिवर्तन हुनुभएको थियो किनभने तपाईं काठिनाइको समयमा उहाँमा निर्भर रहनुभएको थियो।

म वाचा गर्दछु कि यदि तपाईंले उहाँलाई खोज्नुभयो र सेवा गर्नुभयो भने परमप्रभु तपाईंको सहायताका लागि आउनुहुनेछ र तपाईंको आत्मा त्यो पक्रियामा निखारिनेछ। म तपाईंलाई आफ्ना सबै कठिनाइहरूमा उहाँमा भरोसा राख्न चुनौती दिन्छु।

मलाई थाहा छ कि परमेश्वर पिता जीवित हुनुहुन्छ र उहाँले हाम्रा हरेक प्रार्थना सुन्नुहुन्छ र उत्तर दिनुहुन्छ। मलाई थाहा छ कि उहाँका पुत्र येशू ख्रीष्टले हामी सबैका पापको मुल्य चुकाउनुभएको छ र उहाँ चाहनुहुन्छ कि हामी उहाँकोमा जाऔं। मलाई थाहा छ कि पिता र पुत्रले हाम्रो हेरचाह गर्नुहुन्छ र हामीलाई अनन्तसम्म रहन र फेरी घर आउन एउटा माध्यम बनाउनुभएको छ।

## सूची

१. Autobiography of Parley P. Pratt, ed. पार्ले पि प्रेट जु. (१९७९), १२०।

---

## यो सन्देशबाट सिकाउने

हामी सबैसँग चुनौतीहरू छन जसले हाम्रो अनन्तसम्म रहन सक्ने आस्था र क्षमताको परीक्षण गर्दछन्। तपाईंले सिकाउनेहरूका आवश्यकता र चुनौतीहरूका बारेमा मनन गर्नुहोस्। भेट्न जानु भन्दा अघि, उनीहरूलाई राम्रोसँग अनन्तसम्म रहन सक्ने बनाउन कसरी सहयोग गर्न सकिन्छ भन्ने निर्देशनका लागि प्रार्थना गर्नुहोस्। तपाईंले अध्यक्ष आइरिङले उल्लेख गर्नुभएका प्रार्थना,सेवा र आज्ञाहरूको पालना लगायतका सिद्धान्तहरू र धर्मशास्त्रहरू दुबैका बारेमा छलफल गर्न सक्नुहुन्छ। आफूलाई अनन्तसम्म रहन सहयोग गर्ने तरिकाहरुले तपाईं कसरी आशीषित हुनुभएको छ भनेर आफ्ना अनुभवहरू बाड्न सक्नुहुन्छ।

## यूवा

## जब मेरो साथी बित्नुभयो

सामान्था लिन्टनद्वारा
लेखक यूटाः, यूएसए मा बस्नुहुन्छ।

हाइस्कूलको मेरा पहिला वर्षहरूमा मेरो साथीलाई मस्तिष्क रोग (एनिउरिसम) भयो र उहाँ अर्को दिन बित्नुयभो। म चर्चको सदस्य भए तापनि,म संघर्ष गरिरहें। मलाई मेरो जीवनभरी सिकाइएको थियो कि मैले जुनसुकै कुराका लागि परमेश्वर पिता र मुक्तिदातामा निर्भर रहन सक्छु, तर मलाई यस्तो अवस्थामा कहिल्यै पनि गुज्रिनु परेको थिएन।

मलाई शान्ति दिने चीजको खोजीमा म धेरै घण्टौंसम्म रोइरहें। उहाँ बितेपछिको रातमा म भजन संग्रह तिर फर्कें। जब मैले पानाहरू पल्टाउदै गएँ, म "Abide with Me; 'Tis Eventide" भन्ने मा रोकिएँ (भजन नं १६५)। तेश्रो पदले मेरो ध्यान आकर्षण गऱ्यो:

अब साँझ भयो, मसँग बस
रात एक्लो हुनेछ
यदि म तपाईंसँग सम्वाद गर्न सकिन भने
तपाईंमा मेरो प्रकाश भेटिन्न।
यो संसारको अन्धकारले मलाई डर लाग्छ,
मेरो घरमा बास गर्नेछ।
हे मुक्तिदाता यो रात मसँग बस्नुहोस्;
हेर्नुहोस्, साँझ भएको छ।

यो पदले मलाई शान्तिले भरिपूर्ण गरिदिन्छ। मलाई थाहा थियो कि त्यो रात मुक्तिदाता मसँग रहुन मात्रै भएन, उहाँले वास्तवमा नै मैले कस्तो महसुस् गरिरहेको छु भन्ने पनि थाहा पाउनुभयो। मलाई थाहा छ कि भजनको माध्यमबाट मैले महसुस गरेको मायाले मलाई त्यो रात गुजार्न सहयोग मात्र गरेन, मैले भोगेका धेरै अरू कठिनाइहरू पार गर्न पनि सहयोग गऱ्यो।

तपाईंले "Abide with Me; 'Tis Eventide" लाई lds.org बाट download गर्न सक्नुहुन्छ।

© 2017 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित। संयुक्त राज्य अमेरिकामा मुद्रित। अङ्ग्रेजी अनुमोदनः ६/१६। First Presidency Message, July 2017 को अनुवाद। Nepali. 97927 372

भेटगर्ने शिक्षिकाको सन्देश

# ताकि तिनीहरू एक हुन सकून्

प्रार्थनापूर्वक यो सामग्रीको अध्ययन गर्नुहोस् र के बाँड्ने भनेर बुझ्नुहोस्। कसरी राहत समाजको उद्देश्य बुझ्नाले परमेश्वरका छोरीहरूलाई अनन्त जीवनका आशीषहरूका लागि तयार गर्दछ।

आस्था, परिवार, राहत

बाह्र प्ररित गणका एल्डर डि.टोड क्रिष्टोटोफर्सन्ले भन्नुभयो, "येशू ख्रीष्टले आफुलाई शारीरिक र आत्मिक रुपमा पिताको इच्छामा समर्पित गरेर पितासँग पूर्ण एकता प्राप्त गर्नुभयो।"

"जबसम्म हामीले उहाँहरूको इच्छा र चाहनालाई हाम्रो सबै भन्दा महत्वपूर्ण आकांक्षा बनाउँदैनौं ... पक्कै पनि हामी परमेश्वर र ख्रीष्टसँग एक हुन सक्दैनौं।

त्यस्तो विनम्रता एक दिनमा प्राप्त हुँदैन, तर पवित्र आत्माद्वारा, यदि हामी इच्छुक छौं भने

परमप्रभुले हामीलाई तब सम्म सिकाउनुहुन्छ जबसम्म समयको प्रक्रियामा यो निश्चितका साथ भन्न सकियोस कि उहाँ हामीमा हुनुहुन्छ जसरी पिता उहाँमा हुनुहुन्छ।" १

रिलिफ सोसाइटीकी साधारण अध्यक्ष लिन्डा के बर्टनले कसरी यो एकता तर्फ काम गर्ने भन्ने सिकाउनुभयो: "करार गर्नु र पालना गर्नु मुक्तिदाता जस्तो बन्ने हाम्रो प्रतिवद्धताको अभिव्यक्ति हो। एउटा मन पर्ने भजनको वाक्यांशले व्यक्त गरेको प्रवृत्तिका लागि प्रयास गर्नु नै उत्तम आदर्श हो: 'म त्यहाँ जानेछु जहाँ तपाईंले मलाई जाओस् भन्ने चाहनुहुन्छ। ...

मैले त्यो भन्नेछु जुन तपाईंले मलाई भनोस् भन्ने चाहनुहुन्छ। ...

म त्यो बन्नेछु जो तपाईंले मलाई बनोस् भन्ने चाहनुहुन्छ।'" २

एल्डर क्रिष्टोफर्सनले हामीलाई यो पनि सम्झाउनुभयो कि "जब हामीले दिन प्रति दिन र हप्ता प्रति हप्ता येशूको मार्गमा हिड्ने प्रयाग गर्छौं, हाम्रो आत्माले प्रभुत्व जमाउछ, आन्तरिक युद्ध कम हुदै जान्छ र प्रलोभनहरूले दुःख दिन छोड्दछन।" ३

निल एफ मेरिओट, यङ ओमन साधारण अध्यक्षताकी दोश्रो सल्लाहकारले हाम्रो इच्छालाई परमेश्वरको इच्छासँग मिलाउने प्रयासका आशीषहरूको गवाही दिनुहुन्छ: "मैले आफ्नै तरिकाले गर्ने भौतिक चाहनालाई परित्याग गर्न संघर्ष गर्नु पऱ्यो, अन्त्यमा येशू ख्रीष्टको भन्दा मेरा तरिकामा धेरै अभाव, सीमित र कमसल खालका रहेछन् भन्ने अभास भयो। 'हाम्रो स्वर्गीय पिताको तरिका नै त्यो मार्ग हो जसले यो जीवन र आउने संसारको अनन्त जीवनमा खुसियाली तर्फ लैजान्छ।'"४ हामी स्वर्गीय पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग एक हुन विनम्र भई प्रयास गरौं।

## थप धर्मशास्त्र र जानकारीहरू

यहुन्ना १७:२०–२१; एफिसी ४:१३; सिद्धान्त र करार ३८:२७; reliefsociety.lds.org

## सूचीहरू

१. डि.टोड क्रिष्टोफर्सन, "That They May Be One in Us," Liahona, नो.२००२, ७२, ७३।
२. लिन्डा के बर्टन, "The Power, Joy, and Love of Covenant Keeping," Liahona, नो.२०१३, १११।
३. डि.टोड क्रिष्टोफर्सन, "That They May Be One in Us," ७१।
४. निल एफ. मेरिओट, "Yielding Our Hearts to God," Liahona, नो.२०१५, ३२।

### यसलाई विचार गर्नुहोस्

कसरी परमेश्वरको चाहना अनुसार गर्दा हामीलाई उहाँ जस्तै बन्न सहयोग गर्दछ ?

© 2017 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित। संयुक्त राज्य अमेरिकामा मुद्रित। अङ्ग्रेजी अनुमोदन: ६/१६। अनुवाद अनुमोदन: ६/१६। Visiting Teaching Message, July 2017 को अनुवाद। Nepali. 97927 372